दरवन्दी मिलान तथा शिक्षक व्यवस्थापन सम्वन्धमा नगर शिक्षा समिति को मिति २०७७।७।२८ को निर्णय कार्यान्वियनका लागि शिक्षक व्यवस्थपनका क्रममा सरुवाका लागि निवेदन दिने शिक्षकको क्रम निर्धारण तपसिल अनुसारका आधारहरु तय गरिएको छ ।

(प्राथमिक शिक्षकको हकमा)

१. सम्वन्धित वडाभित्रका विद्यालयमा कार्यरत शिक्षक थप हुने दरवन्दीमा काटिने विद्यालयको शिक्षक प्रथमिकता पाउने

२. सम्वन्धित वडाको विद्यालयमा कार्यरत शिक्षकहरु मध्ये अपाङगता भएका शिक्षक र महिला शिक्षकलाई प्रथमिकता दिने तर कक्षा (९– १२) संचालित विद्यालयमा थपहुने मा वि शिक्षकको दरवन्दीको सट्टामा थप हुने प्रा वि दरवन्दीमा स्नातक वा स्नाकोत्तर योग्यता भएका शिक्षकले पहिलो प्रथमिकता पाउने ।

३. सम्वन्धित वडामा स्नातक वा स्नाकोत्तर योग्यता भएका शिक्षकको आवश्यक संख्यामा निवेदन नपरेमा सिमा जोडिएको वडाका सोही अनुसार योग्यता भएकालाई प्रथमिकता दिने ।

४. माथि उल्लेखित वुँदाका अतिरिक्त प्रथमिकता निर्धारण गर्दा देहाय अनुसार गर्ने

क. सम्वन्धित तहमा स्थायी नियुत्ति को जेष्ठता त्यस पछि क्रमस अस्थायी र करार नियुत्तीको जेष्ठता

ख. सम्वन्धित तहको स्थायी नियुत्तिको जेष्ठता समान भएमा तल्लो तहको स्थायी अस्थायी नियुत्तीको जेष्ठतालाई आधार लिने

ग. जेष्ठताको गणना गर्दा सोही तहको माथिल्लो श्रेणी जस्तै प्रथम द्वित्तीय र तृत्तीय लाई आधार लिने ।

घ. अपाङगता भएका शिक्षकको हकमा आवश्यकता भन्दा बढी निवेदन परेमा अपाङग परिचय पत्रको श्रेणीको आधारमा क्रमस ख, ग, र घ लाई प्रथमिकता दिने तर एउटै विद्यालयमा ख श्रेणको अपाङ्गता भएका एक भन्दा वढी शिक्षकलाई दरवन्दी मिलानका क्रममा सरुवा नगर्ने ।

५. विद्यालय छनौटका क्रममा कुनै शिक्षकले एउटै क्रममा एक भन्दा वढी विद्यालयमा चिन्ह लगाएमा सुचिमा रहेको अगाडी रहेको विद्यालयलाई मान्यता दिने ।

६. सुन्य दरबन्दी भएका कक्षा ६- ८ संचालित आधारभू विद्यालयको प्र अ व्यवस्थापनको लागि सम्वन्धित तहमा योग्यता पुगेको शिक्षकलाई प्र अ को जिम्वेवारी लिन गरि खटाउनु पर्ने भएको हुदा त्यस्ता विद्यालयको १।१ दरवन्दी सो प्रयोजनको लागि पूर्ती नगरी खाली राख्ने ।

७. नगर शिक्षा समिति को निर्णयमा दरवन्दी गणना नभएका विद्यालयका अपाङ्गता भएका शिक्षकको सरुवा निजको निवेदनका आधारमा न्यूनतम दरवन्दी भएका विद्यालयमा प्रथमिकता दिइ आवश्यक समन्वय गरी सरुवा गर्ने ।

८. दरवन्दी मिलानका क्रममा कटौती नहुने विद्यालयमा सवै तहको रिक्त दरवन्दीमा सम्वन्धित विद्यालयको सहमतीको आधारमा सरुवा गरिदिने ।

९. मा वि ,नि मा वि तह को हकमा प्र अ व्यवस्थापन संगै प्रक्रिया अगाडी बढाउने गरि आवश्यक गृहकार्य गरेर ७ दिनेको सूचना प्रकाशन गर्ने ।